# ‘अभागी’ कथाको समाजशास्त्रीय अध्ययन

*गुणकुमारी दंगाल (कमला)*[*]

## सारसङ्क्षेप

*प्रस्तुत अध्ययनमा गुरूप्रसाद मैनालीको अभागी कथामा देखिएको मूल प्रकृतिलाई समेट्ने प्रयत्न भएको छ । कथालाई हिप्पोलाई अडोल्फ तेनद्वारा प्रतिपादित समाजशास्त्रका प्रजाति, क्षण र परिवेशका आधारमा विश्लेषण गरिएको छ । साहित्यिक समाजको अध्ययनमा प्रजाति, क्षण र परिवेशले महत्त्वपूर्ण भूमिका खेल्ने हुनाले विविध मान्यतामध्ये प्रजाति, क्षण र परिवेशले व्यक्तिका, भाषा, संस्कृति, रहनसहन परिस्थिति आदिमा साहित्य र समाजको अध्ययन गर्न सकिन्छ भन्ने विचार प्रस्तुत गरिएको छ । सिर्जना समाजभन्दा भिन्न रहन सक्दैन, सर्जक समाजबाटै जन्मिन्छ र आफ्ना सिर्जनाका विषयबस्तु पनि उसले समाजबाट नै लिएको हुन्छ । त्यसैले साहित्य समाजबाट भिन्न रहन सक्दैन भन्ने धारणा रहेको पाइन्छ । तेनले प्रजातिको विकासमा डार्विनको सिद्धान्तबाट पनि प्रभाव ग्रहण गरेका छन् । उनले साहित्यको अध्ययनबाट त्यस समयका मान्छेका भावना विचार र जीवन अवस्था बोध्य हुन्छ भनेका छन् । साहित्यको समाजशास्त्रीय अध्ययनमा समय तथा युगको खोजलाई समाजमा मान्छे एक्लो हुँदा ऊ प्रकृति तथा सामाजिक वातावरणद्वारा घेरिएको हुन्छ । त्यसैले वातावरणको प्रभावमा एउटा मेसिनले जस्तो साहित्यकारको मस्तिष्कले कार्य गरेको हुन्छ । साहित्यिक कृतिमा प्रजाति, क्षण र परिवेशको आधारमा अभागी कथाको समाजशास्त्रीय विश्लेषण गर्दा घटनाक्रम आएका छन् । तिनलाई तेनको समाजशास्त्रीय प्रवृत्तिगत विशिष्टताको तथ्यपूर्ण विश्लेषण गर्ने प्रयास यस अध्ययनमा गरिएको छ ।*

**मुख्यशब्द :** समाजशास्त्रीय, परिवेश, प्रायोगिक, मार्क्सवादी, मनोविज्ञान, कर्तव्य, अन्धविश्वासी, सर्जक ।

## (१) विषय परिचय

प्रस्तुत अध्ययनको शीर्षक ***अभागी*** कथामा समाजशास्त्रीय अध्ययन रहेको छ । अभागी कथाका लेखक गुरूप्रसाद मैनाली (१९५७-२०२८) हुन् । उनको २०२० मा प्रकाशित ***नासो*** कथा सग्रहमा ***अभागी*** कथा पनि सङ्गृहीत छ । यसै कथालाई हिप्पोलाइट अडोल्फ तेनद्वारा प्रतिपादित समाजशास्त्रका प्रजाति, क्षण र परिवेशका आधारमा विश्लेषण गरिएको छ ।

कुनै पनि समाजको अध्ययन गर्ने शास्त्रलाई समाजशास्त्र भनिन्छ । यसले साहित्यमा रहेको समाजको पनि अध्ययन गर्दछ । यसैलाई आधार बनाएर कृतिको विश्लेषण गर्ने पद्धति नै साहित्यको समाजशास्त्रीय पद्धति हो । यसले साहित्यमा रहेको समाजको अध्ययनका माध्यमबाट उक्त समाजमा

* गुणकुमारी दंगाल विद्यावारिधि तहको शोधकर्ता हुनुहुन्छ ।

रहेका प्रजाति, क्षण र परिवेशको उद्घाटन गर्दछ । कुनै पनि साहित्यिक कृतिमा कुनै न कुनै रूपमा समाजको उपस्थिति रहेको हुन्छ भन्ने मान्यता धेरै समाजशास्त्रीहरूको रहेको देखिन्छ । यस्तै विचार व्यक्त गर्नेहरु मध्येका हिप्पोलाइट अडोल्ट तेन (१८२८-१८९३) पनि एक हुन् । यिनले साहित्यिक समाजको अध्ययनमा प्रजाति क्षण र परिवेशले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ भन्ने मान्यतालाई अघि सारेका छन् । उनको समाजशास्त्रीय विश्लेषण अन्तर्गत प्रजाति क्षण र परिवेश विचका सम्बन्धहरु 'अभागी' कथामा के कसरी घटित भएका छन् भन्ने अध्ययन नै यसको मुख्य समस्या हो र यसैमा प्रस्तुत अध्ययन केन्द्रित छ ।

## (२) समस्या कथन

'अभागी' कथा गुरूप्रसाद मैनालीद्वारा लेखिएको तथा "नासो" कथा सग्रहमा सङ्ग्रहित कथा हो । यस कथामा तत्कालीन समाजको चित्रण गरिएको छ, त्यसैले समाजशास्त्रीय आधारमा पनि विश्लेषण गर्न खाजिएको हो । हिप्पोलाइट अडोल्फ तेन यस विचारका संवाहक मानिन्छन् । उनले साहित्यिक कृतिमा प्रजाति क्षण र परिवेशका आधारमा साहित्य र समाजको अध्ययन गर्न सकिने विचार प्रस्तुत गरेका छन् । सोही विचारको आधारमा अभागी कथामा के-कस्तो प्रजाति, क्षण र परिवेशको चित्रण गरिएको छ, खोज्नु नै यस अध्ययनको मूल जिज्ञासा र उद्दश्य रहेको छ ।

## (४) अध्ययन विधि

प्रस्तुत अध्ययन पुस्तकालय स्रोतमा आधारित छ । सङ्कलित सामग्री मध्ये मैनालीको नासों (२०२०) कथा सङ्ग्रहलाई प्राथमिक स्रोतका रूपमा लिइएको छ भने त्यससँग सम्बद्ध कथाका वारेमा गरिएका अनुसन्धान समीक्षा टिप्पणी आदिलाई द्वितीय सामग्रीका रूपमा उपयोग गरिएको छ । कथाको विश्लेषणका लागि प्रमुख सैद्धान्तिक आधारका रूपमा हिप्पोलाइट अडोल्फ तेनको समाजशास्त्रीय मान्यताहरूलाई प्रमुख आधार मानिएको छ । कथाको विश्लेषण गर्दा अन्तर्विषयक अध्ययन पद्धतिको प्रयोग गरिएको छ ।

## (५) विश्लेषणको सैद्धान्तिक आधार

समाजशास्त्रका जन्मदाता अगस्त कोम्टे (१७९८-१८५७) मानिन्छ । यिनले ल्याटिन शब्द सोसाइटस् र लोगोस्को अन्वय गरी सोसियोलोजी शब्दको जन्म दिएका हुन् । ल्याटिन शब्द सोसाइटसको अर्थ समाज र लोगोसको अर्थ विज्ञान भन्ने हुन्छ । यसै सोसोलियोजी शब्दको नेपाली रूपान्तरण नै समाजशास्त्र हुन्छ । साहित्यमा अभिव्यक्त समाजको विश्लेषण गर्ने सिद्धान्त साहित्यको समाजशास्त्रीय सिद्धान्त हो । यसका मार्क्सवादी र गैरमार्क्सवादी गरी दुई प्रकारका पाइन्छन् । यी मध्ये फ्रान्सेली समाजशास्त्री हिप्पोलाइट अडोल्फ तेन गैरमार्क्सवादी धाराका समाजशास्त्री हुन् । उनले अङ्ग्रेजी साहित्यको इतिहास (१८६३) कृतिका माध्यमबाट साहित्यको समाजशास्त्रीय धारणा व्यक्त गरेका छन् ।

उनले अङ्ग्रेजी साहित्यको इतिहास भन्ने कृतिमा अङ्ग्रेजी साहित्यमा भन्दा अङ्ग्रेजी समाजको बारेमा बढी विश्लेषण गरेका छन् । उनले साहित्यकारले आफ्नो सिर्जनाको विषय समाजबाट प्राप्त गर्दछ । साहित्य व्यक्तिगत कल्पनाको उपज होइन तर समाजको सोचाइको अभिव्यक्ति हो । साहित्य समाजको अभिव्यक्तिको सूचना भण्डार हो (पाण्डेय, २००६, पृ. १२५) भन्ने धारणा व्यक्त गरेका छन् । यसरी साहित्य प्रजाति क्षण र परिवेशको सामाजिक दस्तावेज हुन पुग्दछ । सफल र अनुभवी साहित्यकारले पूर्ण रूपमा समाजका प्रजाति क्षण र परिवेशको अभिव्यक्ति दिन सक्दछ भन्ने तेनको मत छ (क्षेत्री, २०६४, पृ. १७) ले भनेका छन् । यसरी तेनका दृष्टिमा साहित्यको समाजशास्त्रीय अध्ययन गर्ने व्यक्तिले साहित्यमा व्यक्त प्रजाति क्षण र परिवेशबारे अध्ययन गर्नु पर्दछ । यिनै तीन कुराको अन्तरसम्बन्ध साहित्यको समाजशास्त्रीय अध्ययनबाट सम्भव हुन्छ भन्ने तेनको विचार पाइन्छ ।

यस्तो अध्ययन प्रजाति क्षण र परिवेशका आधारमा गर्न सकिन्छ भने यस्तै अध्ययन कथा विधामा पनि गर्न सकिन्छ । त्यसैले कथाको विश्लेषण गर्नु अघि तेनद्वारा प्रतिपादित प्रजाति क्षण र परिवेशका बारेमा परिचय दिनु सान्दर्भिक देखिन्छ ।

## ५.१ प्रजाति

समाजशास्त्रीय तेनले साहित्य समाजका प्रजातिहरूको पदचिन्हको आधार हो । (पाण्डेय, २००६, पृ. १२६) भन्ने अभिव्यक्ति दिएका छन् ।  उनले प्रत्येक कृति कुनै पुरानो खोल जस्तो हो । जसरी पुरानो खोलले त्यो जीवतिर सङ्केत गरेको हुन्छ (तेन, १९०६, पृ. ३१०) भनेका छन् । सिर्जना समाज भन्दा भिन्न रहन सक्दैन । सर्जक समाजबाटै जन्मिन्छ र आफ्ना सिर्जनाका विषय वस्तु पनि उसले समाजबाट नै लिएको हुन्छ । त्यसैले साहित्य समाजबाट भिन्न रहन सक्दैन भन्ने धारणा रहेको पाइन्छ । (क्षेत्री, २०६४, पृ. २१) भनेका छन् । तेनले अङ्ग्रेजी साहित्यको इतिहास भन्ने पुस्तकमा साहित्यिक कृतिका माध्यमबाट आफ्नो समाजको अध्ययन गरेका छन् । उनको विचारमा लेखकले समकालीन समाजका प्रजाति र उनीहरूको व्यवहार तथा स्वभावका प्रभावबाट साहित्यको सिर्जना भएको हुन्छ (तेन, सन् १९०६, पृ. ६-७) भनेका छन् । उनले प्रजाति अन्तर्गत व्यक्तिका सहज तथा वंशाणुगत विशेषता, मानसिक सोचाइ र शारीरिक बनावट आदिको चर्चा गरेका छन् (पाण्डेय, २००६, पृ.१२४) तेनले आर्य जातिको उदाहरण दिदै कुनै पनि प्रजाति देश, काल र परिस्थितिका कारणले टाढा टाढा गए पनि उनीहरूमा केही समान विशेषताहरु हुन्छन् र आफ्ना कृतिमा कुनै प्रजातिको चारित्रिक विशेषता, त्यहाँको हावापानी प्रकृति इतिहास आदिको कारणले प्रभाव पारेको हुन्छ  भनेका छन् । तेनले प्रजातिको विकासमा डार्विनको सिद्धान्तबाट पनि प्रभाव ग्रहण गरेका छन् । डार्विनका अनुसार जुन प्राणीले आफूलाई विषम परिस्थितिमा पनि बचाउन सक्छ, त्यो संसारमा बच्दछ र जसले सक्दैन त्यो नष्ट भएर जान्छ । विषम परिस्थितिमा पनि आफूलाई बचाउन सक्ने प्राणीले आफूलाई प्रकृतिको अनुकूल बनाउँदा नयाँ प्रजातिको उत्पत्ति हुन्छ र त्यही पछि गएर

त्यसको प्रवर्तक हुन्छ । प्रजातिको विकासमा वातावरणको प्रभावले विभिन्न प्रजातिको निर्माण हुने कुरा तेनले उल्लेख गरेका छन् ।

तेनले वंशपरम्पराको आधार बाहेक प्रजातिलाई शारीरिक बनावटका आधारमा पनि छुट्याउन सकिन्छ भनेका छन् । शारीरिक बनावट भन्नाले मान्छेको उचाइ तथा मोटाइ, आकार प्रकार भन्ने बुझिन्छ । तेनका मतमा शारीरिक कदको सम्बन्धबाहक अणुबाहेक पौष्टिक आहार तथा हावापानीले पनि प्रभाव पारेको हुन्छ (क्षेत्री, २०६४, पृ. २१) भनेका छन् । विभिन्न परिस्थिति र अनेक बाह्य तत्त्वले मान्छेको प्रतिभाको विकासमा सहयोग पुऱ्याउँछ तर जन्मजात पैदा भएको प्रतिभा नै सिर्जनाको मुख्य कारण हो । (तेन, १९०६, पृ. ५०) भनेका छन् । तेनका दृष्टिमा सम्पूर्ण साहित्य चिन्तनको लक्ष्य समाजको मानवजाति तथा प्रजातिबारे जान्नु हो । त्यसका लागि साहित्यको अध्ययन आवश्यक हुन्छ । यसरी तेनले साहित्यको अध्ययनका लागि अन्य विषयमध्ये प्रजातिलाई एउटा मुख्य विषयको रूपमा मानेका छन् ।

## ५.२ क्षण

साहित्यकारलाई कुनै निश्चित समयको सामाजिक घटना तथा परिस्थितिले उसको चेतनामा प्रभाव पारेको हुन्छ । त्यही अभिव्यक्ति क्षण हो । साहित्यकारले सिर्जना गरेको साहित्यले त्यस समयको प्रतिनिधित्व गरेको हुन्छ । त्यसैले साहित्यकार तथा कलाकारले भोगेको तथा बाँचेको युगको प्रतिविम्व साहित्यमा अभिव्यक्त भएको हुन्छ । तेनका अनुसार कुनै एउटा युगमा एउटा मुख्य विचार आएको हुन्छ र त्यो बौद्धिक खालको हुन्छ । जसले पुरै समाजलाई प्रभावित पारेको हुन्छ । जुनसुकै युगमा पनि मान्छेको एउटा परिकल्पना वा अवधारणा रहेको हुन्छ र यसले विस्तारै एउटा आदर्शको रूप धारण गर्दछ (पाण्डेय, सन् २००६, पृ. १२७) भनेका छन् । तेनले साहित्यको अध्ययनबाट त्यस समयका मान्छेका भावना विचार र जीवन अवस्था बोध हुन्छ भनेका छन् । साहित्यमा प्रायः गरेर त्यस क्षणको समय र प्रजातिका आत्माको मनोविज्ञान प्रकट भएको हुन्छ (पाण्डेय, सन् २००६, पृ. १२८) भनेका छन् । प्राचीन युगका ग्रिसेली साहित्यमा त्रासदीय क्षणको र त्यस समयको युग र परिस्थितिको सङ्केत पाइन्छ । त्यसरी नै मध्ययुगको साहित्यमा वीरता र साहसिक कार्यको चित्रण पाइन्छ भने आधुनिक युगको साहित्यमा वैज्ञानिक तर्क र वर्तमान समयको सङ्केत पाइन्छ । यसरी तेनले भने जस्तै साहित्यलाई समय तथा युगको उत्पादनको रूपमा लिन सकिन्छ ।

साहित्यले त्यस समयको प्रतिविम्वन गर्ने हुनाले यसलाई दपर्णसँग तुलना गर्दै साहित्यलाई निश्चित सयमको सत्यलाई व्यक्त गर्ने माध्यम मानिएको छ । जुन लेखकले आफ्नो राष्ट्र र युगको समग्र जीवन पद्धतिको भावनालाई समेट्न सक्दछ, त्यो लेखक त्यस देश र समयको केन्द्र बन्दहु (पाण्डेय, सन् २००६, पृ. १२८) भनेका छन् । उनका विचारमा साहित्यकार युगको साक्षात्कार गराउने व्यक्ति हो । साहित्यका माध्यमबाट साहित्यकारले आफ्नो युग र राष्ट्रका मानव जीवनको सत्यको पहिचान गराउँछ ।

साहित्यकारले आफ्नो समाजको भावनालाई अभिव्यक्त गर्ने भएकाले साहित्यिक कृति त्यो समाजको दस्तावेजको रूपमा रहेको हुन्छ । उनको विचारमा महान रचनाको समुचित व्याख्याबाट जति धेरै राम्रो ज्ञान पाइन्छ, उपन्यास वा कविताले समाजको जति ज्ञान दिन सक्दछन्, त्यो इतिहासले दिन सक्दैन (पाण्डेय, सन् २००६, पृ. १२८) भन्ने रहेको छ । यसरी साहित्यको समाजशास्त्रीय अध्ययनमा समय तथा युगको खोजलाई समाजशास्त्री तेनले एउटा महत्त्वपूर्ण विषयका रूपमा लिएका छन् ।

## ५.३ परिवेश

सामाजिक परिवेश भौगोलिक परिवेश वा जलवायुगत परिवेशको समन्वित रूप नै परिवेश हो । साहित्यमा परिवेशको पनि महत्त्वपूर्ण भूमिका हुन्छ । तेनले प्रजाति क्षणलाई जस्तै परिवेशलाई पनि साहित्यको विकासको प्रमुख आधार मानेका छन् । परिवेशका सन्दर्भमा उनको मुख्य आशय प्राकृतिक भए पनि त्यस अन्तर्गत सामाजिक, सांस्कृतिक आदि विविध पक्ष समावेश भएको हुन्छ । (पाण्डेय, २००६, पृ. १२५) भन्दछन् । तेनले जनताको मानसिकतालाई प्राकृतिक सामाजिक परिवेशले निर्धारण गर्दछ भन्दछन् । तेनले मानव स्वभाव र प्राकृतिक सामाजिक परिवेशले निर्धारण गर्दछ भन्दछन् । तेनले मानव स्वभाव र प्राकृतिक परिवेशका बीच कार्य-कारण सम्बन्ध स्थापित गर्ने कोशिस गरेको देखिन्छ । त्यही स्वभाव अनुसारको अभिव्यक्ति, संस्कृति कला तथा साहित्यमा परेको हुन्छ । (पाण्डेय, सन् २००६, पृ. १२५) भनेका छन् । यसरी भौगोलिक वातावरणले साहित्यमा प्रभाव पारेको हुन्छ । समाजमा मान्छे  एक्लो नहुने हुँदा उ प्रकृति तथा सामाजिक वातावरणद्वारा चारैतिरबाट घेरिएको हुन्छ (क्षेत्री, २०६४, पृ. २४) भन्दछन् । त्यसैले वातावरणको प्रभावमा एउटा मेसिनले जस्तो साहित्यकारको मस्तिष्कले कार्य गरेको हुन्छ । भौगोलिक संरचना र वातावरले साहित्य सिर्जनामा महत्त्वपूर्ण प्रभाव पारेको हुन्छ । परिवेशका कारणले त्यहाँका बासिन्दाहरूको स्वभावमा प्रभाव पारेको हुन्छ । यसरी लेखकका प्रजाति क्षण र परिवेश यी तीनैको प्रभाव कृतिमा पर्ने हुँदा कृतिको मूल प्रयोजन मानिसको मनोविज्ञान र अर्न्तजगतको अध्ययन विश्लेषण एवम् अनुसन्धान गर्नु हो । तेनले यही समाज र मानिसका बीचको सम्बन्ध समेटिने साहित्यलाई मानव जीवनका अध्ययनको आधार बनाउन चाहेका छन् (दाहाल, २०५८, पृ. ३३) साहित्यको समाजशास्त्रीय अध्ययनको लेखकले ऊ बाँचेको समाज र कृतिमा व्यक्त साहित्यिक समाजको त्रिपक्षीय सम्बन्धमा जोड दिने गरेको पाइन्छ । यसरी साहित्यकार बाँचेको समाजको भौगोलिक परिवेशको प्रभाव साहित्यमा रहेको हुन्छ भन्ने दृष्टिकोण नै तेनको रहेको देखिन्छ ।

उपर्युक्त अध्ययनबाट साहित्यिक कृतिमा प्रजाति क्षण र परिवेशको उल्लेख हुन्छ र कृति मार्फत साहित्य सिर्जनाको समयको तथा उसमा उल्लेख भएका प्रजाति क्षण र परिवेशको अध्ययन गर्न सकिन्छ भन्ने देखिन्छ । त्यसैले प्रस्तुत अध्ययनमा उपर्युक्त बुदाँहरूलाई आधार मानी अभागी कथाको विश्लेषण गरिएको छ ।

## (६) 'अभागी' कथाको विश्लेषण

प्रस्तुत अभागी कथाको माथि सैद्धान्तिक खण्डमा उल्लिखित आधारमा समाजशास्त्रीय विश्लेषण गर्दा यसमा प्रजाति क्षण र पर्यावरणका घटनाक्रमहरू आएका छन् । तिनलाई निम्न अनुसार विश्लेषण गरिन्छ ।

### ६.१ जाति/प्रजाति

अभागी कथामा आएका पात्र पण्डित माधव प्रसाद यस कथाका नायक हुन् । उनलाई कथाको शुरूमा नै पण्डित भनेर सम्बोधन गरिएकाले यिनी उच्च कुलीन जातिका व्यक्ति हुन भन्ने देखिन्छ । कथामा आएका माधव प्रसाद र उनकी पत्नीको प्रसङ्गले तत्कालीन समाजमा जाति पातिका आधारमा निम्न वर्गका व्यक्तिलाई हेय दृष्टिले हेर्ने र उच्च जातका व्यक्तिलाई सम्मानित तरिकाले हेर्ने सामाजिक अवस्था थियो भन्ने देखिन्छ । यसै गरी पेशागत रूपमा पण्डित्याइँ गर्नु, मानिसलाई मर्ने वेलामा अरूले पानी खुवाउनु, मर्ने वेलामा आफ्ना सन्तानको मुख हेर्ने चाहना हुनु आदि घटनाक्रमहरू हिन्दू जातीय परम्परासँग पनि सम्बद्ध देखिन्छन् । मानिसलाई मर्ने वेलामा तुलसीको मठनेर लगेर राख्नु, जउ, तिल पानी छर्किदिनु, मुखमा गंगाजल राखिदिनु मरेका मानिसलाई घाटमा लगेर जलाई अन्तिम संस्कार पुरा गर्नु आदि घटनाक्रमहरू पनि यस कथामा आएका छन् । यी घटनाक्रमले पनि यस कथाको जातीय परिवेश हिन्दु, धार्मिक कट्टरताको परिपालना भएको समाजबाट विषयवस्तु लिई कथा रचना गरिएको भन्ने देखिन्छ । यिनै घटनाक्रमबाट यस कथामा व्यक्त समाज जातिपाति, धर्म, संस्कार आदिमा विश्वास गर्ने नेपाली रूढीगत समाज हो भन्ने स्पष्ट हुन्छ । यसमा ठूला जातिका मानिस र साना जातिका मानिसका बीचको भेदभावको सामाजिक प्रचलनको पनि उल्लेख पाइन्छ । सानुचा कसाईका छोराहरू दौडदा दौडदैको मोटर समातेर झुन्डिन्थे । त्यो देखेर कृष्ण पनि 'मोटर आयो' भन्दै दगुर्दै पछिपछि जान्थ्यो । माधव गएर समातेर ल्याउँथे । (मैनाली, २०२०, पृ. ५३) भन्ने अभिव्यक्तिले यसको पुष्टि हुन्छ । सानुचा कसाईका छोराहरू दौडेर मोटर समातेर झुण्डिदा केही नहुनु र ब्राह्मणको छोरा कृष्णले त्यसो गर्दा आश्चर्यमा पर्नुले पनि तत्कालीन समाजको जाति वा प्रजातिगत भेदलाई सहजै बुझ्न सकिन्छ । त्यसरी नै प्रस्तुत कथामा आमा र सौतेनी आमा जातिका प्रसङ्गहरू पनि आएका छन् । आमा जातिले आफ्ना सन्तानलाई गर्ने व्यवहार र सौतेनी आमा जातिले गर्ने व्यवहारमा फरक हुनुलाई तलको भनाइले पुष्टि गर्दछ–

यस उमेरमा बालकहरू विशेष खेलवाड मै रमाउँछन् । खेल्न पायो भने भोकप्यास केही कुराको वास्ता गर्दैनन् । यस अवस्थामा छोराछोरी खान छोडेर खेल्न जान लागे भने आमाहरू पक्रेर ल्याएर कर लगाई लगाई ख्वाउँछन् । रोए पनि वास्ता नगरेर जबरजस्ती न्वाइदिन्छन् । बलजफतसँग तेल घसिदिन्छन् । मैला लुगा फेरेर सुकिलो लुगा लगाइ दिन्छन् । जाडो भएको वेलामा आफ्नू ओड्नेले ढाकेर काखमा गुटुमुटु पारेर राख्छन् । तर गंगाको बदलामा कृष्णको लालनपालन गर्न आएकी

करूणा सन्तानका उपर आमाले गर्नुपर्ने यी प्रधान कतर्व्यहरूको पालना गर्थिन वा गर्दैनथिन, त्यो कुरा अन्तर्यामी जानून् (मैनाली, २०२०, पृ. ५४)

उपर्युक्त भनाइबाट आमाका पनि आफ्नी र सौतेनी गरी फरक फरक जात हुने गरेको वर्णन यस कथामा पाउन सकिन्छ । प्रस्तुत जातिगत सन्दर्भ यस कथाको पर्यावरणसँग संश्लिष्ट बनेर आएको पनि देखिन्छ । बिहे अघि र बिहे पछिको पर्यावरणले पनि यसमा काम गरेको छ भने अर्न्तयामी जानून् भन्नाले नेपाली प्रजातिहरूले मान्ने धार्मिक विश्वासको परिवेशलाई स्पष्ट पारेको छ ।

अभागी कथामा नेपाली महान जाति भित्रको बाहुन प्रजातिका छोराले नपढ्नु, क्षेत्री, कसाइका छोराँग खेलेर हिँड्छन् भन्नु, बाहुनको छोरा भएर दुई अध्याय रूद्री पनि नपढ्नु, रामनाथ बाहुनको छोराले पढ्यो भन्नुले पनि तत्कालीन समाजको जातिगत अवधारणालाई देखाएका छन् । तत्कालीन समयमा शिक्षा पनि अन्य जातिका लागि नभएर बाहुन जतिका लागि मात्र भएको बुझिन्छ भने कृष्ण जोगीसँग भागेर गएको घटनावर्णनले नेपालमा जोगी सम्प्रदायका जाति र गृहस्थ जाति पनि छन् भन्ने देखिन्छ । माधवको नसिंपुरी बाबाजीसँग सम्पर्क हुनु, उनीकहाँ गएर गाँजा  खानुले जातिगत रूपले खानपिनमा पनि प्रभाव पार्दछ भन्ने कुरा समेत यस कथामा वर्णित जोगी, पुरी सन्यासी आदि जातिले गाँजा खानु र ती बाहेकका जातिले आश्चर्य मान्ने कुराले खानपिनबाट समेत जातपात छुट्टिने जातीय भेदभाव युक्त समाज थियो भन्ने यस कथाबाट स्पष्ट हुन्छ । त्यसरी नै नेपाली समाजमा जातगत आधारमा कार्यको विभाजन गरिन्थ्यो भन्ने कुरा नेवार जातिका व्यक्तिसँग भेट हुँदा साहू भनेर सम्बोधन गर्नु र उनले यसो भन्नुले पनि स्पष्ट हुन्छ–

हिजो बेलुका त्यही पाटीमा बास बसेका ठिए । केतीले कमन्दनु जुथो लाइदिएछ र जोगीले दुई तीन चोटी पित्यो । केतो रूँदै धारामा कमन्दनु माझ्भै गर्न लागेको ठियो । आज विहानै उथेर दुवै जना भीमफेडीटिर गए (मैनाली, २०२०, पृ. ५९) ।

यसरी भाषिक आधारमा पनि जातिगत पहिचान गर्न सकिन्छ र माथि प्रयोग भएको भाषाले नेवार प्रजातिको सङ्केत गरेको छ । नेवार जातिहरू वेपारको क्षेत्रमा अगाडि रहेको वा वेपारलाई नेवार जातिले आफ्नो मुख्य पेशा मानेको पनि देखिन्छ । यसरी गुरू प्रसाद मैनालीले अभागी कथामा नेपाली समाजका बाहुन, क्षेत्री, नेवार, कसाइ, जोगी आदि विभिन्न प्रजातिहरूलाई ल्याएर तिनीहरूका माध्यमबाट सीङ्गो नेपालको प्रजातिगत अवधारणालाई स्पष्ट पारेको देखिन्छ ।

## ५.२ क्षण

गुरू प्रसाद मैनालीले अभागी कथाले २०२० साल पूर्वको नेपाली समाजको यथार्थ वस्तुस्थितिलाई देखाएको छ । कथाकारले कथाको भूमिकामा धेरैजसो कथाहरू मैले स्वयं देखेका अथवा निकटबाट सुनेका सामाजिक दृश्यहरूलाई लिएर  लेखेको छु भन्नुले पनि कथामा कथाकारले देखेको त्यस

समयको यथार्थता छ भन्ने कुरा स्पष्ट हुन्छ । कथाका प्रमुख पात्र माधवले पत्नी गंगाको निधारमा हात राखेर सन्चो विसन्चो सोद्धा पत्नीले हात जोडेर हजुर के के न गरिदिउँला भन्थे, मेरो यही गीत भो । (मैनाली, २०२०, पृ. ५२) भन्नुले तत्कालीन समयका नारीहरु पतिपरायण हुन्थे भन्ने कुरा उद्घाटित भएको छ भन्न सकिन्छ । उनीहरूले आफ्नो लोग्नेलाई सुख दिने, धन सम्पत्तिले पूर्ण पारि दिने, परिकल्पना गर्दै लोग्नेको सकेसम्म सेवा गर्ने कुराको वर्णन भएबाट स्पष्ट हुन्छ । यसले तत्कालीन समाज र आजको समाजका बीचको सामाजिक अवस्थाको चित्रण उद्घाटित भएको छ भन्न सकिन्छ । कथाकारले कथाको विषयवस्तु लिएको समयलाई हेर्दा यस्ता घटना आजकल कमै मात्र हुने भएकाले कथाकारको समय रूढीवादी, अन्धविश्वासी र पतिलाई महान ठान्ने युग हो भन्ने पुष्टि हुन्छ । त्यसैले तत्कालीन समय पुरुषप्रधान वा पुरुषको हैकमवादी शासन भएको र लोग्नेलाई ईश्वरीय रूपमा हेर्ने र आफूलाई दासीको रूपमा स्वीकार्ने प्रचलन भएको युगको रूपमा देखिन्छ भने माधवले लक्ष्मीको उपचारको लागि डाक्टर, वैद्य, धामी झाक्री सवैलाई घरमा वोलाएर देखाउनु र उनीहरूको व्यवहारबाट तत्कालीन समयमा उपचारको राम्रो व्यवस्था नभएको र डाक्टरको भन्दा पनि धामी झाक्रीप्रतिको विश्वास वढी भएको समयको रूपमा देखिन्छ । यसरी तेनले साहित्यकारले युगको साक्षात्कार गराउँछ भनेझैं यस कथामा पनि त्यो समयका नारीहरूको दयनीय अवस्था र रूढीवादी परम्परामा विश्वास गर्ने समयमा रचित कथा हो भन्ने पुष्टि हुन्छ ।

यस कथाका प्रमुख पात्र माधवलाई घर गृहस्थीको पीर हुनु, छोराको पीर हुनु, दिउँसो चौतारियाकहाँ पढाउन जान पर्नु आदि कुराले त्यस समयको परिस्थितिलाई देखाएको छ । नेपाली ग्रामीण समाजमा बस्ने हरेक व्यक्तिले एउटा मात्र पेशालाई अँगालेर बस्न नपाउने अवस्थालाई देखाएको छ । यस कथामा एउटै मान्छेले जागिर घरगृहस्थी खेतीपाती आदि सबै पक्षलाई हेर्नु पर्थ्यो भने चाडवाँडमा पनि नेपाली ग्रामीण समाजका मध्यमवर्गका व्यक्तिले परिवारसँग रमाइलो गरेर बस्न नपाउने अवस्था पनि त्यस समयमा थियो भन्ने कुरा 'दशै आयो । माधव चौतारियाको दशै घरमा पूजा गर्न गए । वर्षैपिच्छे जान्थे । नौरथा भरि राता लुगा लाएर एक छाक खाएर उही बस्नुपर्थ्यो । टीकाका दिन विसर्जन पूजा गरेर मालिक-मालिक्नीको हातको टीको लगाएर मात्र घर आउँथे' (मैनाली, २०२०, पृ. ५५) भन्ने अभिव्यक्तिबाट स्पष्ट हुन्छ । यसरी तत्कालीन समयमा बाँच्नका लागि अन्य कुराको व्यवस्था नभएकाले व्यक्तिको घरमा बाहुन प्रजातिका व्यक्तिहरूले पूजा गर्न जानु पर्ने त्यही बस्नु पर्ने, मालिक मालिक्नीको हातको टीका लगाएर मात्र फर्किनु पर्ने परिस्थितिले त्यस बेलाको क्षणको सङ्केत गर्दछ भने नेपाली संस्कृतिको झलकले पनि क्षणलाई सङ्केत गर्दछ । त्यस्तै गरेर घरको मुख्य व्यक्ति घर नबस्दा बालबालिकामा पर्ने असरलाई र त्यस सयमको अवस्थालाई बुझ्न यो भनाइले सहयोग गर्दछ । माधव राती तोपचल्ने वेलामा घर आए । कृष्ण त्यस वेलासम्म पनि घर आएको रहेनछ । वल्लो पल्लो घरमा खोजे, कतै फेला परेन । शिवरात्रीको दिन साथीहरूसँग कतै रमिता हेर्न गयो भनेर सुते । तर कृष्ण भोलिपल्ट पनि आएन (२०२०, पृ. ५८) । कथामा वर्णित घटनाहरूले राणाकालीन क्षणको सङ्केत गर्दछन् । तोप पड्काउने आदि प्रचलन त्यस समयमा थियो । यसरी प्रस्तुत कथाले नेपाली ग्रामीण परिवारका व्यक्तिको त्यस समयको अवस्थालाई देखाएको छ । त्यस

समयमा बहुविवाहको प्रचलनले गर्दा सौता ल्याउने प्रचलन थियो र त्यसले बालमानसिकतामा असर पार्थ्यो भन्ने कुरा कथाका माध्यमबाट देखिन्छ ।

## ५.३ परिवेश (पर्यावरण)

इपिली तेनले साहित्यमा परिवेशको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ भने झैं अभागी कथामा पनि परिवेशले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । गंगाले माधवलाई कृष्ण बालक छ, त्यस अनाथमाथि दया गर्नुहोला (मैनाली, २०२०, पृ. ५२) भन्नुले तत्कालीन समयको बहुविवाहको परिवेशलाई देखाएको छ । नेपाली समाजमा विशेषत आमाहरूमा आफ्नो अन्त्य पछि लोग्नेले सौता ल्याउँछ र सन्तानहरूले दुःख पाउछन् भन्ने सोचाइले काम गरेको देखिन्छ । यस्तो सोचाइ हुनु सामाजिक रूपले यथार्थ पनि देखिन्छ । त्यसरी नै कथामा विरामी पत्नीलाई माधवले डाक्टर वैद्य, धामी झाक्री आदिलाई देखाउँदा अलग अलग रोगको नामांकरण गरेर आफ्नो फिस लिएर हिड्नुले नेपाली समाजको परिवेशमा एउटालाई मात्र विश्वास नगर्ने परिस्थिति र डाक्टर हुँदा हुँदै पनि त्यसलाई भन्दा धामी झाक्रीलाई विश्वास गर्ने अन्ध परम्पराले जरा गाडेको सन्दर्भलाई प्रस्तुत भनाइले पुष्टि गरेको छ । विरामी गंगाको पटुका भित्र छोराका खेलौनाका सामान हुनु नानी दुलहीलाई छोराको घिडघिडो रहेको हो भन्नु अन्तिम समयमा सवै हुनु आदि कुराहरु नेपाली समाजका सामिजिक परिवेशसँग सम्बन्धित बनेर आएका छन् । जुन हालको समाजमा पनि घटित हुन्छन् । त्यसरी नै मर्ने वेलामा बाहिर लैजानु, तुलसीको मठमा गाईको गोवरले लिप्नु, जौ तिल छर्नु, विरामीलाई लिपेको ठाउँमा सार्नु, आदि कुरा हिन्दू परिवेशसँग सम्बन्धित बनेर कथामा आएका छन् । यी कुराहरूले हिन्दू जातिका रीतिरिथितिलाई देखाएको छ । यसरी श्रीमती गंगाको निधनपछि माधवले कृष्णको लागि बाबु आमा दुवैको भूमिका निर्वाह गरेको देखेर समाजका मान्छेको भनाइ र सोचाइलाई यी पक्तिले देखाउँछ–

इष्टमित्रहरु माधवलाई बिहे गर्नुपर्छ भनेर कर लाउँथे । माधव चाहि भन्थे एउटा बिहे गर्दा त यो गत छ अर्को गर्दा कुन गोता पाइने हो ? कर्मले नदिएपछि बल गरेर हुँदैन । एउटा पिउसो जन्मेको छ, हुर्काएर यसको जरो किलो बाँधि दिन पाए पुग्यो । नदुखेको कपाल किन डोरी लाएर दुखाउनु ? (मैनाली, २०२०, पृ. ५४) ।

यसरी माथिको भनाइले पनि नेपाली समाजको सामाजिक वस्तुस्थितिलाई देखाएको छ । समाजमा श्रीमती मर्दा वित्तिकै लोग्ने मान्छेले अर्को बिहेको कुरा गर्नु वा अर्को बिहे गर्नुपर्दछ भन्ने मान्यताले जरा गाँडेर बसेको छ भने लोग्ने मर्दा आइँमाइले सधै विधवा नै भएर बस्नु पर्छ भन्ने सामाजिक सोच वा रूढिवादीताले काम गरेको देखिन्छ । यति हुँदाहुँदै पनि दोस्रो विवाह दुःखको कारण हो भन्ने ज्ञान स्वयं माधवलाई पनि भएको देखिन्छ । तर पनि सामाजिक परिवेशले गर्दा माधवले अर्को विवाह गर्नु र अरूलाई छोराको स्याहार गर्ने कोही नहुँदा गरेको भन्नुले पनि नेपाली समाजमा केटाकेटी हेर्न आइमाइ नै चाहिन्छ भन्ने मान्यताले काम गरेको पाइन्छ ।

यसरी अभागी कथाका प्रमुख पात्र माधवले दोस्रो विवाह करुणासँग गरेपछि माधवको छोरा कृष्ण सप्रनु पर्नेमा त्यसो भएको देखिदेन । आफ्नी आमाले सन्तानलाई जुन प्रकारको माया दिन्छन् नेपाली समाजमा सौतेनी आमाले त्यस्तो माया दिन सक्दैनन भन्ने मान्यता रहे झै कथामा पनि भएको छ । आमाले जे जस्ता कार्यहरु सन्तानका लागि गर्छन, त्यस्ता कार्य सौतेनी आमाले गर्न नसक्नु कथामा सामाजिक परिवेश बनेर आएको देखिन्छ ।

कथामा सानुचा कसाइका छोराहरूलाई आमाबाबुले केही भन्दा मुखमुखै लागेर गाली गर्नुले निम्नवर्गीय समाजमा शिक्षा र संस्कृतिको अभाव छ भन्ने सामाजिक परिवेश देखिन्छ । त्यसको सिको अरूले पनि गर्ने कुराको सङ्केत स्वरूप कृष्णले पनि पढाईमा भन्दा कसाइका छोरासँग खोपी खेल्नु, साढे जुधाएर रमाइलो गर्नु, घरबाट पैसा चोर्नु, जोगीहरूको सङ्गत गर्नु र उनीहरूको पछि लागेर हिड्नु जस्ता घटना वर्णन र बालमनोविज्ञानले सामाजिक परिवेशलाई देखाएको छ । त्यसरी नै 'विचरी गंगाले दश वर्षको उमेर देखि घर गरेर लोग्नेलाई एक मानु खाने तुल्याएर गई । आखिर उसैको छोराको यो गति भयो' (मैनाली, २०२०, पृ. ६०) भन्ने भनाइबाट तत्कालीन समाजमा बहुविवाहको प्रचलन रहेको पाइन्छ । बाल्यावस्थामा विवाह गर्दा अकालमै नै मृत्यु वरण गर्नु पर्ने कुरालाई पनि यसले बुझाएको छ र त्यही कारणले गर्दा सन्तानले दुःख पाउने कुराको खुलासा पनि यहाँ भएको छ । त्यसरी नै करुणाले कृष्णलाई गरेको निर्ममताका व्यवहारले बहुविवाहको परिवेशले गर्दा सौताने आमाले सौताका छोराहरूसँग सौताको रिस फेर्ने प्रचलन रहेको कुरा कथाकारले परिवेशका रूपमा चित्रण गरेका छन् ।

यसरी प्रस्तुत कथा काठमाडौंको परिवेशमा तयार भएपनि यसले सिङ्गो नेपालको परिवेशलाई समातेको छ । तेनले साहित्यिक कृतिमा साहित्यकार बाँचेको स्थानीय परिवेशको छाप पाइन्छ भन्ने समाजशास्त्रीय सिद्धान्तसँग यो कथा मिल्ने भएकाले मैनालीले यस कथामा आफू बाँचको पर्यावरण वा परिवेश ग्रहण गरेको देखिन्छ ।

## (६) निष्कर्ष

प्रस्तुत कथालाई हिप्पोलाइट अडोल्फ तेनद्वारा प्रतिपादित साहित्यिक समाजशास्त्रका प्रजाति, क्षण र परिवेशका आधारमा विश्लेषण गर्दा कथाकारले प्रस्तुत कथामा तत्कालीन समाजको यथार्थ चित्रण गर्न सक्षम रहेको देखिन्छ । कथामा आएको प्रजातिले तत्कालीन समाजको सामाजिक भेदभावको प्रचलनलाई इङ्गित गरेको देखिन्छ भने यसमा आएको क्षणले तत्कालीन नेपाली समाजको सामाजिक र आर्थिक अवस्थालाई झल्काएको छ । यसै गरी पर्यावरण वा परिवेशका रूपमा आएका घटनाक्रमले पनि नेपाली समाजका सामाजिक मनोवैज्ञानिक अवस्थालाई सङ्केत गर्न खोजेको देखिन्छ । यस आधारमा मैनालीको अभागी कथा तत्कालीन (२०२० साल अघिको) सामाजिक प्रतिबिम्ब उर्तान

सफल छ भन्ने थप अध्ययनबाट देखिएको छ । यसै सिद्धान्तका आधारमा मैनालीद्वारा रचित अन्य कथाहरूको पनि अध्ययन गर्न सकिन्छ भन्ने समेत यस अध्ययनबाट पुष्टि भएको छ ।

## सन्दर्भसूची

क्षेत्री, उदय (२०६४), ***समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानको अध्ययन,*** अप्रकाशित विद्यावारिधि शोध ग्रन्थ काठमाडौं : त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय ।

जैन, निर्मला, (१९९२), ***साहित्यको समाजशास्त्रीय चिन्तन,*** (द्वितीय संस्करण), दिल्ली विश्वविद्यालयः दिल्ली ।

त्रिपाठी, वासुदेव (२०४९), ***पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा*** भाग–२ (तेस्रो सं.), ललितपुरः साझा प्रकाशन ।

पाण्डेय, मैनेजर, (सन् २००६), ***साहित्यमा समाजशास्त्रको भूमिका,*** हरियाणाः साहित्य अकादमी ।

बन्धु, चूणामणि (२०६५), ***अनुसन्धान तथा प्रतिवेदन,*** (दोस्रो संस्करण) काठमाडौं : रत्न पुस्तक भण्डार ।

मैनाली, गुरूप्रसाद (२०२०), ***नासो,*** (सत्रौ संस्करण) काठमाडौं : माधवप्रसाद मैनाली ।

बराल, ऋषिराज (२०६४), ***साहित्य र समाज,*** ललितपुर : साझा प्रकाशन ।